# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०३ मई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- पाँच देखि १८ वर्ष उमेर समूहका बालबालिकाका लागि प्रधान मंत्री राष्ट्रिय बाल पुरस्कार-२०२५ को लागि मनोनयन अब यस वर्ष 31 जुलाई सम्म गर्न सकिनेछ।

- आज विश्वभरी नै प्रेस स्वतन्त्रता दिवस मनाइएको छ।

- साहित्य अकदमिले वर्ष २०२५को साहित्य अकादमी अनुवाद पुरस्कारको निम्ति भारतीय अनुवादक, शुभचिन्तक र प्रकाशकहरुबाट मान्यता प्रदत्त सबै २४ भाषाहरुको अनुवादित पुस्तकहरु आमन्त्रित गरेको छ|

- यसपाली माध्यमिक परीक्षामा उच्च अङ्क ल्याउने नेपाली विद्यार्थीहरुको लागि माला कोइराला स्मृति शैक्षिक पुरस्कारस्वरूप एक लाख रूपियाँ आर्थिक राशि दिइने घोषणा गरेको छ।

- मौसम विभागले आज राज्यका सातवटा जिल्लाहरूमा वर्षा सहित हुरी-बतास आउने पूर्वानुमान जारी गरेको छ।

## प्रधानमन्त्री-राष्ट्रिय बाल पुरस्कार

पाँच देखि १८ वर्ष उमेर समूहका बालबालिकाका लागि प्रधान मंत्री राष्ट्रिय बाल पुरस्कार२०२५ को लागि मनोनयन अब यस वर्ष 31 जुलाई सम्म गर्न सकिनेछ। प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार एक प्रतिष्ठित राष्ट्रिय स्तरको पुरस्कार हो जुन भारतका राष्ट्रपतिले बालबालिकाको असाधारण उपलब्धिहरूलाई मान्यता दिन वार्षिक रूपमा प्रदान गर्नु हुन्छ। सबै नामांकनहरू आधिकारिक राष्ट्रिय पुरस्कार पोर्टल awards.gov.in मार्फत अनलाइन पेश गर्नुपर्नेछ। कुनै पनि व्यक्ति अथवा संस्थाले असाधारण उपलब्धि हासिल गरेका बालबालिकालाई पुरस्कारको लागि मनोनयन गर्न सक्छ।

## विश्व प्रेस स्वतन्त्रता दिवस

आज विश्व प्रेस स्वतन्त्रता दिवस हो। विश्वभरी प्रेस स्वतन्त्रताको प्रवर्द्धन र प्रेस स्वतन्त्रताको अवस्थाको मूल्याङ्कन गर्न यो दिवस मनाइन्छ। यस वर्षको विषयवस्तु नयाँ संसारमा रिपोर्टिङ - प्रेस स्वतन्त्रता र मिडियामा कृत्रिम बुद्धिमत्ताको प्रभाव रहेको छ। विश्व प्रेस स्वतन्त्रता दिवसको घोषणा 1991 मा संयुक्त राष्ट्र संघको महासभाले गरेको थियो।

## यौन दुर्व्यवहार

पश्चिम बंगाल सरकारले राज्यका सबै सरकारी चिकित्सा संस्थाहरूलाई यौन दुर्व्यवहारका पीडित नाबालिगहरूको तत्काल चिकित्सा परीक्षणको कानुनी प्रक्रियालाई कडाइका साथ पालना गर्न स्पष्ट निर्देशन दिएको छ। यो अनुसन्धान एफआईआर दायर हुनुभन्दा पहिला पनि गर्न सकिन्छ। राज्य स्वास्थ्य तथा परिवार कल्याण विभागले जारी गरेको आदेशमा भनिएको छ कि यौन अपराधबाट बालबालिकाको संरक्षण (POCSO) अधिनियम अन्तर्गत पीडित बालबालिकाको जाँचमा महिला डाक्टरको अभावका कारण धेरै पल्ट समस्याहरू सामना गर्नुपरेको थियो। यसलाई ध्यानमा राख्दै, राज्यभरीका मेडिकल कलेज र अस्पतालका प्रिन्सिपलहरू, चिकित्सा अधीक्षक-सह-उपप्राचार्य (एमएसवीपी) एवं सबै जिल्लाका मुख्य चिकित्सा अधिकारी (सीएमओएच)

लाई कडा निर्देशन दिइएको छ। आदेशले स्पष्ट पार्छ कि कुनै पनि यस्तो बालिकासंग यस्तो अपराध भएको छ तर एफआइआर दर्ता गरिएको छैन भने पनि स्वास्थ्य परीक्षण गर्न आवश्यक हुनेछ।

**साहित्य अकादमी**

साहित्य अकादमीले वर्ष २०२५ को साहित्य अकादमी अनुवाद पुरस्कारको निम्ति भारतीय अनुवादक, शुभचिन्तक र प्रकाशकहरूबाट मान्यता प्रदत्त सबै २४ भारतीय भाषाहरूमा अनुदित पुस्तकहरू आमन्त्रित गरेको छ। पुरस्कारको निम्ति वर्ष २०१६, २०२०, २०२१, २०२२ अनि २०२३ मा पहिलो पल्ट प्रकाशित पुस्तकहरूमाथि विचार गरिनेछ। प्रत्येक पुस्तकको एक प्रतिसित आवेदन पत्र जमा गर्ने अन्तिम मिति ३१ मई २०२५ रहेको छ। पुरस्कारसित सम्बन्धित विस्तृत विवरणको निम्ति साहित्य अकादमी अनुवाद पुरस्कार नियम अकादमीको वेबसाइट www.sahitya-akademi.gov.in मा उपलब्ध छ।

साहित्य अकादमीले आफूद्वारा मान्यता प्रदत्त २४ भारतीय भाषाहरूमध्ये प्रत्येक भाषामा १९८९ देखि साहित्य अकादमी अनुवाद पुरस्कार प्रदान गरिरहेको छ। जसमा असमिया, बांग्ला, बोडो, डोगरी, अंग्रेजी, गुजराती, हिन्दी, कन्नड़, कश्मीरी, कोंकणी, मैथिली, मलयालम, मणिपुरी, मराठी, नेपाली, ओड़िआ, पञ्जाबी, राजस्थानी, संस्कृत, सन्ताली, सिन्धी, तमिल, तेलुगु तथा उर्दूमा भारतीय अनुवादकहरूद्वारा अनुदित श्रेष्ठ कृतिहरूलाई प्रतिवर्ष साहित्य अकादमी अनुवाद पुरस्कार प्रदान गरिन्छ। प्रत्येक पुरस्कार विजेतालाई ५०,००० रूपियाँ र ताम्रफलक प्रदान गरिन्छ।

**माध्यमिक परीक्षामा**

यसपालिको माध्यमिक परीक्षामा उच्च अङ्क ल्याएर उत्तीर्ण हुने नेपाली भाषी परीक्षार्थीहरूलाई माला कोइराला स्मृति शैक्षिक पुरस्कारका साथै आरपी लामा शैक्षिक पुरस्कार र सिद्धिनारायण शैक्षिक पुरस्कारका लागि आफ्नो परीक्षा फलसँगै विवरण पठाउने अपील गरेको छ। सम्मेलनले यसपालिदेखि माला कोइराला स्मृति शैक्षिक पुरस्कारस्वरूप एक लाख रूपियाँ आर्थिक राशि दिने घोषणा गरेको छ। जसमा बंगालभरिकै नेपाली भाषी विद्यार्थीले आवेदन गर्न सक्नेछन्।

**जल जीवन मिसन**

दार्जिलिंग सांसद राजु बिष्टले जल शक्ति राज्यमन्त्री वी. सोमननाबाट पत्र प्राप्त भएको जानकारी दिनु भएको छ। श्री बिष्टले सामाजिक संजालमा पोस्ट गर्दै भन्नु भन्नु भयो पत्रमा एक केन्द्रीय टोलीले २७ अनि २८ फरवरी दार्जिलिंग र कालिम्पोङ जिल्लामा स्थलगत भ्रमण गरी जल जीवन मिसनको कार्यान्वयनमा देखिएका अनियमितताको मूल्यांकन गरेको उल्लेख गरिएको छ। टोलीले तयार पारेको प्रतिवेदन पश्चिम बंगाल सरकारलाई पठाइएको छ र सरकारसँग प्रतिवेदनमा उठाइएका बुँदाहरूमा जवाफसहित कारबाही प्रतिवेदन मागिएको छ | स्मरण रहोस, सांसद बिष्टले यसअघि ६ फरवरीमा संसदमा दार्जिलिंग र कालिम्पोङ क्षेत्रमा जल जीवन मिसन योजनामा भएको व्यापक अनियमितताको मुद्दा उठाउनु भएको थियो। श्री बिष्टले प्रतिवेदन पठाइनु सकारात्मक कदम भए पनि पश्चिम बंगाल सरकारले समयमै जवाफ दिने अपेक्षा रहेको बताउनु भएको छ।

**सफाई अभियान**

श्री सत्य साई समिती बाँसबोटेका सेवा दलद्वारा मजदुर दिवसलाई केन्द्र गर्दै सफाई अभियान चलाएको छ। हरेक बर्ष झै यस वर्ष पनि श्री सत्य साई समिती दार्जीलिङ्ग जिल्लाद्वारा वर्षाको समयलाई ध्यानमा राखेर आफ्नो गाउँ आफै स्वच्छ राखौं भन्ने उद्देश्यले आफनै क्षेत्रमा सफाई अभियान चलाएको छ। यस सफाई अभियानमा चालीस जना साई समितिका सदस्यहरूको सहभागिता रहेको थियो। सबै सहभागीहरुले ब्लक भएका नालाहरु सफाई गरे| समितिका सदस्यहरुले ब्लक भएका नालिहरुबाट प्राकृतिक आपदाको मात्र खतरा नभएर यसमा जमेर बसेका मैला पानीमा मच्छर, भुसुनाको वृद्धिले मानिसहरूमा संक्रमण फैलाउने खतरा पनि रहेको हुन्छ| नालि सफाई गरी सङ्क्रमण रोक्न सकिने सेवा दलका सदस्य जानकारी गराएका छन्|

**संसारी पूजा**

सिंगेल चिया बगान अन्तर्गत कोठीधुरा ग्राम सुधार समितिले विगत वर्षहरू झै आज संसारी पूजाको आयोजना गरेको समाचार प्राप्त भएको छ। गाउँ घरमा सुख शान्तिको कामनासितै प्राकृतिक प्रकोप, हैजा अनि अकाल मृत्युबाट मानिसहरूलाई सुरक्षित राख्नको निम्ति एवं खड़ेरीदेखि जोगाउन प्रत्येक वर्षको चैत-वैशाखको मौसममा यो पूजाको आयोजना गर्ने परम्परा रहेको छ। सिंगेलका मानिसहरू चिया बगानमा आश्रित भएको कारण वर्षाको ठूलो भूमिका रहेको हुनाले खड़ेरी नपरोस तथा पानीको कमीले कमान अनि श्रमिकहरूलाई नराम्रो असर नपरोस् भनी पूजा गरिने प्रथा रही आएको छ।

पूजा पश्चात, गत वर्ष माध्यमिक, उच्च माध्यमिक, आई.सी.एस.ई., आई.एस.सी परीक्षामा राम्रो अंक ल्याएर उत्तीर्ण हुने विद्यार्थीहरू लगायत केही दिन अघि सचेतना कार्यक्रम आयोजना गरेकोमा माटोको माया फाउण्डेशन, दार्जीलिङलाई पनि सम्बर्द्धना गरियो।

****** ० ******

**क्विज प्रतियोगिता**

दार्जिलिङ पुलिसले रोटरी क्लब दार्जिलिङसँगको सहकार्यमा आज मिरिकस्थित डोन बोस्को स्कूलमा अन्तर-विद्यालय क्विज प्रतियोगिता आयोजना गरेको थियो। जसमा मिरिक उपविभाग र सुखिया ब्लकका १७ विद्यालयहरू सहभागिता रहेको थियो। प्रतियोगितामा पाइनहल एकेडेमी विजेताको रूपमा उभिएको छ र पानीघट्टको रेन्बो हाई स्कूल दोस्रो स्थान हासिल गरेको छ। दुई विद्यालयहरूलाई क्षेत्रीय राउन्डमा भाग लिन छनोट गरिएको छ, जुन १९ मईमा दार्जिलिङको भानु भवनमा हुने फाइनलमा समापन हुनेछ। अतिरिक्त एसपी दार्जिलिङ देवराज दासले क्विजको उद्देश्य विद्यालयहरूलाई संलग्न गराउनु र दार्जिलिङमा उपस्थित अन्य विद्यालयहरूमाझ विद्यार्थीहरूको प्रतिस्पर्धात्मक प्रकृतिलाई बाहिर ल्याउनु रहेको बताउनु भएको छ।

**डिलीभरी मृत्यु**

पश्चिम बंगालको सागर दत्त मेडिकल कलेज र अस्पतालमा सिजेरियन डिलीभरीपछि दिइएको एन्टिबायोटिक इन्जेक्शनले एक जना ३५ वर्षीय महिलाको मृत्यु भएको छ भने १० जना गम्भीर बिमारी भएका छन्। घटना पछि अस्पतालले उक्त ब्याचका सबै एन्टिबायोटिक इन्जेक्शन रद्द गरिदिएको छ। अस्पतालले सात सदस्यीय आन्तरिक जाँच कमिटी गठन गरेको छ भने राज्य सरकारले मेडिकल विशेषज्ञसहितको पाँच सदस्यीय जाँच कमिटी बनाएको छ। सरकारी चिकित्सक संगठनहरू र मेडिकल सर्भिस सेन्टरले औषधि र इन्जेक्शनको गहन छानबिन र न्यायिक जाँचको माग गरेका छन्। उनीहरूले स्वास्थ्य विभागले जवाफदेही लिनुपर्ने बताइरहेका छन्।

**मौसम**

अलिपुर मौसम विभागले आज राज्यका सातवटा जिल्लाहरूमा वर्षा सहित हुरी-बतास आउने पूर्वानुमान जारी गरेको छ। विभाग अनुसार कोलकाता लगायत दक्षिण बंगालका कतिपय जिल्लाहरूमा 30-40 किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्नसक्छ। मौसम विभागले बताए अनुसार दक्षिण 24 परगना, पूर्व र पश्चिम मेदिनीपुर, झाड़ग्राम, पुरुलिया, बाँकुड़ा अनि पश्चिम बर्दमान जिल्लामा कालबैशाखी जस्तै स्थितिको सम्भावना रहेको छ। यी क्षेत्रहरूमा कतै-कतै असिना पानी पनि हुनसक्ने अनुमान गरिएको छ। यसै गरी, उत्तर बंगालमा पनि मंगलवारसम्म हुरी-बतास अनि पानी पर्ने सम्भावना कायम छ। दार्जीलिङ समेत पहाड़ी जिल्लाहरूमा वर्षा अवधि बिजुली चम्किने जोखिम बढ़ी रहनेछ। दार्जीलिङदेखि लिएर समतल क्षेत्र मालदासम्म सबै जिल्लाहरूमा तूफान-वर्षा हुने पूर्वानुमान गरिएको छ।